# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौं, पुस ९ गते २०६६ साल (अतिरिक्ताङ्क ४१(आ)

## भाग ५

### नेपाल सरकार

### श्रम तथा यातायात व्यवस्था मन्त्रालयको सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०६६।८।२४ र मिति २०६६।९।९ को निर्णयानुसार देहाय बमोजिमको अधिकार सम्पन्न यातायात क्षेत्र व्यवस्थापन तथा कार्यान्वयन विशेष समिति (यसपछि "समिति" भनिएको) गठन गरी सो समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहाय बमोजिम तोकिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. समितिको गठनः समितिको गठन देहाय बमोजिम हुनेछः–

| | | |
|---|---|---|
| क) | श्री वंशीधर घिमिरे, नेपाल सरकारको पूर्व सचिव | -अध्यक्ष |
| ख) | महानिर्देशक, यातायात व्यवस्था विभागको | -सदस्य |
| ग) | निर्देशक प्राविधिक, यातायात व्यवस्था विभागको | -सदस्य |
| घ) | श्री केदार कार्की, कानून व्यवसायी | -सदस्य |
| ङ) | श्री खगेन्द्र नेपाल | -सदस्य |
| च) | श्री खगेन्द्रमणी पोखरेल, (नेपाल सरकारको रा.प. प्रथम श्रेणीको पदबाट अवकाश प्राप्त) | -सदस्य-सचिव |

२. समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधिः (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

1064

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क) प्रचलित ऐन नियमले तोकेको ढाँचा अनुरुप नेपालमा संचालनमा रहेका सबै प्रकारका सवारी साधनको नम्बर प्लेटलाई Embossed गर्ने, नम्बर प्लेटलाई Electronic माध्यमबाट अनुगमन गर्ने र सो कार्यको लागि आवश्यक उपकरण समेतको व्यवस्था निजी क्षेत्रबाट गर्नु गराउनु उपयुक्त भएकोले सोसँग सम्बन्धित टेण्डर लगायत सबै काम गर्ने ।

ख) खण्ड (क) को प्रयोजनको लागि सार्वजनिक निकायको रुपमा काम गर्ने र सेवा र वस्तु खरीदको लागि सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ बमोजिमको प्रक्रिया अवलम्बन गर्ने ।

ग) विद्यमान चालक अनुमतिपत्रलाई प्रचलित ऐन नियम अनुसार Electronic Smart Card मा परिवर्तन गर्ने कार्य निजी क्षेत्रबाट गर्न गराउन आवश्यक भएकोले सोसंग सम्बन्धित टेण्डर लगायत सबै कार्य गर्ने र सो प्रयोजनको लागि सेवा र वस्तु खरीद गर्दा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ बमोजिमको प्रक्रिया अवलम्बन गर्ने ।

घ) सवारी तथा यातायात व्यवस्थापन क्षेत्रमा गर्नु पर्ने नीतिगत, कानूनी तथा संस्थागत सुधार गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय प्रचलन समेत अध्ययन गर्ने ।

ङ) समितिलाई तोकिएका काम गराउँदा आर्थिक कार्यविधि ऐन, २०५५ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम गर्ने ।

च) समितिको कार्य सम्पन्न भएपछि सो सम्बन्धी कागजात तथा निर्णय यातायात व्यवस्था विभागमा बुझाउने ।

२) समितिको निर्णय कार्यान्वनको लागि श्रम तथा यातायात व्यवस्था मन्त्रालय र यातायात व्यवस्था विभागले आवश्यक सहयोग गर्नु पर्नेछ ।

३) समितिको कार्यवधिः ६ महीना हुनेछ ।

४) समितिको सचिवालय काठमाडौंमा रहनेछ ।

आज्ञाले,
दिनेशहरि अधिकारी
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।६३

५९९१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।